आज मिति २०७७ साल मंसिर ११ गते बिहिबारका दिन बिहान ११:०० बजे गाउँपालिकाको सभा हलमा यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकमा देहाय बमोजिमको उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| सि.नं. | पदाधिकारीका नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री कर्ण बहादुर मगर | अध्यक्ष | |
| २. | श्री पदम माया तामाङ | उपाध्यक्ष | |
| ३. | श्री विष्णु प्रसाद सुवेदी | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. | श्री गोबिन्द बहादुर राउत | कार्यपालिका सदस्य | |
| ५. | श्री हेम बहादुर श्रेष्ठ | कार्यपालिका सदस्य | |
| ६. | श्री लाल बहादुर स्याङ्तान | कार्यपालिका सदस्य | — |
| ७. | श्री खड्ग बहादुर भुजेल | कार्यपालिका सदस्य | |
| ८. | श्री दिनेश कुमार रमौली | कार्यपालिका सदस्य | |
| ९. | श्री वीर बहादुर पुलामी | कार्यपालिका सदस्य | |
| १०. | श्री कोमल बहादुर खपाङ्गी | कार्यपालिका सदस्य | |
| ११. | श्री रेखराज अधिकारी | कार्यपालिका सदस्य | |
| १२. | श्री शेर बहादुर मगर | कार्यपालिका सदस्य | |
| १३. | श्री पुण्यहरि भुजेल | कार्यपालिका सदस्य | |
| १४. | श्री हितलाल श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५. | श्री जगदिश्वर तोलाङ्गी | कार्यपालिका सदस्य | |
| १६. | श्री दुधकुमारी ठकुरी | कार्यपालिका सदस्य | |
| १७. | श्री देवमाया श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १८. | श्री भगवति कुमारी श्रेष्ठ | कार्यपालिका सदस्य | — |
| १९. | श्री गीतामाया थापा | कार्यपालिका सदस्य | — |
| २०. | श्री टेक बहादुर परियार | कार्यपालिका सदस्य | — |

सहजकर्ता: श्री जीतेन्द्र गिरी आइटी इन्जी.
श्री पदम बहादुर तामाङ ना.सु.
श्री प्रेम बहादुर नुंगेली क.अ.

| | | |
|---|---|---|
| शिक्षा सम्बन्धी | १. उपाध्यक्ष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ सम्बन्धमा ।<br>२.उपाध्यक्ष ईन्टर्नसिप कार्यक्रम कार्यन्वयन कार्यविधि, २०७७ सम्बन्धमा । | १. उपाध्यक्ष प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ पारित गर्ने ।<br>२.उपाध्यक्ष ईन्टर्नसिप कार्यक्रम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ पारित गर्ने । |
| महिला बालबालिका सम्बन्धी | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ पारित गर्ने सम्बन्धमा । | लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७७ पारित गर्ने । |
| पूर्वाधार बिकास सम्बन्धी | आरसिसि मल्टिसेल बक्स कल्भर्ट निर्माण सम्बन्धमा । | गाउँसभाबाट प्रत्यायोजित अधिकार बमोजिम समपूरक कोषबाट यस गाउँपालिकाको वडा नं. १ को भुँगाखोलामा आरसिसि मल्टिसेल बक्स कल्भर्ट निर्माणको लागि रु.१००००००/- (दस लाख) बजेट विनियोजन गर्ने । |

स्ताव तथा निर्णयहरुः-

| सि.नं. | विषय | प्रस्तावहरु | निर्णयहरु |
|---|---|---|---|
| १. | वातावरण सम्बन्धी | वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ पारित गर्ने सम्बन्धमा । | तीनपाटन गाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ पारित गरी बोलपत्र आह्वान गर्ने प्रयोजनको लागि ढुङ्गा, गिट्टी, बालुवाको IEE पारित गर्नु पर्ने भएकोले २०७७/०८/१३ को विशेष गाउँसभामा पेश गर्ने । |
| २. | कृषि सम्बन्धी | अनुदानबाट प्राप्त मलको मूल्य निर्धारण गर्ने सम्बन्धमा । | अनुदानबाट प्राप्त रासायनिक मलको मूल्य निर्धारण गर्दा सिन्धुली सदरमुकाम सम्मको मूल्यमा प्रति कि.ग्रा. १ (एक) रुपैयाँ अपरेटिङ्ग कस्ट र सिन्धुलीबाट प्रत्येक वडा केन्द्रमा ढुवानी गरेबापत निम्नानुसारको ढुवानी भाडा जोडी मूल्य निर्धारण गर्ने ।<br>वडा नं. १, २ र ३ को लागि प्रति कि.ग्रा. रु.१ (एक)<br>वडा नं. ४, ५, १० र ११ को लागि प्रति कि.ग्रा. रु.२ (दुई)<br>वडा नं. ६, ७, ८ र ९ को लागि प्रति कि.ग्रा. रु.३ (तीन) |
| ३. | स्वास्थ्य सम्बन्धी | विद्यालयको लागि ज्वरो नाप्ने यन्त्र उपलब्ध गराउने सम्बन्धमा । | शिक्षा समितिको मिति २०७७/८/८ मा बसेको बैठकको निर्णय तथा कोरोना भाइरस नियन्त्रण तथा रोकथामको लागि प्रत्येक माध्यमिक विद्यालयलाई १ (एक) थान ज्वरो नाप्ने यन्त्र (थर्मल गन) उपलब्ध गराउने । |
| ४. | कर्मचारी प्रशासन सम्बन्धी | रिक्त दरबन्दी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गर्ने सम्बन्धमा | यस कार्यालयको दरबन्दी तेरीज अनुसार रिक्त भएका तथा भविष्यमा रिक्त हुन जाने विभिन्न तह, सेवा र समूहको रिक्त दरबन्दी निजामती सेवा ऐन, २०४९ बमोजिम पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा जानकारी पठाउने । |
| ५. | आर्थिक विकास सम्बन्धी | १. सहुलियतपूर्ण कर्जा सम्बन्धमा ।<br>२. बैदेशिक रोजगारबाट फर्केका बेरोजगार नागरिकको तथ्याङ्क सङ्कलन सम्बन्धमा ।<br>३. युवा स्वरोजगार सन्चालन कार्यविधि, २०७७ सम्बन्धमा । | १. राष्ट्रिय बाणिज्य बैंक लिमिटेडद्वारा सन्चालित सहुलियतपूर्ण कर्जा कार्यक्रम सन्चालन गर्न गाउँपालिकाले राष्ट्रिय वाणिज्य बैंक, सिन्धुली शाखासँग सम्झौता गर्न आवश्यक कार्य गर्ने र लक्षित वर्गलाई वडा कार्यालय मार्फत जानकारी गराउने ।<br>२. बैदेशिक रोजगारबाट फर्केका (१८ देखि ५९ वर्ष उमेर समूहका) बेरोजगार नेपाली नागरिकको तथ्याङ्क सङ्कलन सम्बन्धित वडा कार्यालयहरु मार्फत गर्ने ।<br>३. युवा स्वरोजगार सन्चालन कार्यविधि, २०७७ पारित गर्ने । |